नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-५४६ दायर मितिः-२०८१।०२।०२**

**फैसला मितिः-२०८१/०३/०६**

| **वादी** | **प्रतिवादी** |
| --- | --- |
| **आरिफ अन्सारीको जाहेरीले नेपाल सरकार..........................१** | **जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.२ बस्ने आरिफ अन्सारीको छोरा बर्ष २२ को जुनैद अंसारी............१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त।
२. प्रतिवादीले जाहेरवाललाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अलि अखतरसमेतको घटनाविवरण कागज।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा बिपक्षी जुनैद अंसारीले म जाहेरवालालाई पहिलैदेखि गाली गलौज तथा कुटपिट गर्ने गर्दै आएकोमा मिति २०८१।०१।१० गते बिहान अ.०६:३० बजेको समयमा घर अगाडी सडक छेउमा उभि दात माझी रहेकोमा निज बिपक्षी छोरा जुनैद अंसारी आई एक्कासी गाली गलौज गरेकोले निजलाई सम्झाउँदा नमानी उल्टै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी जुनैद अंसारीलाई कैद दिन १ महिना १ दिन र जरिवाना रु.१००००/- अक्षेरुपी दस हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी जुनैद अंसारीलाई ठहरेको कैद दिन १ महिना १ दिन को हकमा निज मिति २०८१/०१/१० देखि २०८१/०२/१० सम्म हिरासत र थुनामा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.५५६/२०८१/०२/११ बाट दाखिला गरेको धरौटी रकम रु.३६०००/- बाट जरिवाना रकम रु.१००००/- कट्टी गर्नु ----------------------------------------------१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**दिनेश सागर भुसाल**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ असार महिना ६ गते विहीवार रोज ५/ ने.सं. ११४४ तछलाथ्व त्रयोदशी, शुभम् ........